नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग

पूर्ण खोप, सुरक्षित भविष्य

# हैजा रोग बिरुद्धको खोप अभियान २०७८-७९

# हैजा बिरुद्धको खोपबारे वारम्वार सोधिने प्रश्नहरू

### १. हैजा बिरुद्धको खोप कस्तो प्रकारको खोप हो ?

हैजा विरुद्ध खुवाइने खोप सुरक्षित र प्रभावकारी खोप हो। यस खोपको दुबै मात्रा पाएको ७ दिनपछि हैजा रोग बिरुद्ध सुरक्षा प्रदान गर्दछ। यो खोपले कम्तिमा ५ वर्षसम्म सुरक्षा प्रदान गर्दछ। खोप पाएपछि पनि हामीले सरसफाईका सबै व्यवहारहरू (चर्पीमा मात्र दिसापिसाब गर्ने, साबुन पानीले नियमित हात धुने आदि) को पालना गर्नुपर्छ। यसका साथै, शुद्धिकरण गरेको पानी मात्र पिउनु पर्छ।

### २. यो खोप लिन किन जरूरी छ ?

हैजाबाट बचाउनुका साथै रोग सर्न नदिई समुदायमा हैजा रोगको प्रभावलाई कम गराउनका लागि खोप लिन जरूरी छ।

### ३. यो खोप कहिले पाईन्छ ?

यो खोप २०७८ साल मंसिर महिनामा दुइ चरणमा लगाइने छ। यसको पहिलो मात्रा मंसिर ५ गते देखि १५ गते भित्र लगाइने छ भने दोस्रो मात्रा पहिलो मात्रा लगाएको १४ दिन पछि लगाइने छ (यद्यपि, दोस्रो मात्राको लागि जिल्ला स्वास्थ्य कार्यालयबाट पुनः सूचना जारी गरिनेछ।)

### ४. यो खोप कुन उमेर समूहलाई दिईन्छ ?

यो खोप तोकिएका पालिकाका एक वर्ष माथिका सबै उमेर समूहका व्यक्तिहरूलाई दिइन्छ।

### ५. यो खोप अभियान कहाँ हुँदैछ ?

यो खोप अभियान लुम्बिनी प्रदेश, कपिलवस्तु जिल्लाको हैजाको प्रकोप देखिएका ५ वटा स्थानीय तह (कृष्णनगर, यशोधरा, महाराजगञ्ज, शिवराज र विजयनगर) को सबै वडाहरूमा संचालन गरिने छ। यो खोप तोकिएका खोप केन्द्रबाट निःशुल्क दिइन्छ।

unicef

World Health Organization Nepal

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## ६. यो खोप कसले खानु हुदैन ?

यो खोप एक बर्ष मुनिका बालबालिका, पखाला लागेका (Acute gastroenteritis) र ज्वरो (Acute febrile illness) आएको व्यक्तिले लगाउन मिल्दैन तर बिमारी निको भए पछि भने खोप खान मिल्छ । यदि पहिलो मात्रा खोप खाँदा कुनै प्रतिकृया (Hypersensitivity) देखिएमा दोस्रो मात्रा खुवाउनु हुँदैन ।

## ७. के स्वास्थ्य समस्या भएकाहरूले यो खोप लिन हुन्छ ?

माथि उल्लेखित रोगहरू लागेका बाहेक रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिहरू जस्तै एच.आई.भी/एड्स लागेका, कुपोषण भएका, कोभिड-१९ लागेर निको भएका व्यक्तिले पनि यो खोप खान मिल्छ ।

## ८. यो खोप कत्तिको सुरक्षित छ ?

सुरक्षित छ । स्यानकोल (Shanchol) नामक यो खोपलाई विश्व स्वास्थ्य संगठनले सन् २०११ मा प्रयोगको लागि गुणस्तर प्रमाणित (WHO prequalified) गरेको छ र नेपाल सरकारले पनि यो खोपलाई अनुमति दिई सकेको छ ।

## ९. यो खोपको कति मात्रा दिनुपर्छ ?

कम्तिमा २ हप्ताको फरकमा यो खोपको दुई मात्रा खुवाउनुपर्छ ।

## १०. यो खोप लगाएपछि के के असरहरू देखिन सक्छन् ?

खोप लिएपछि केहि सामान्य असरहरू देखिन सक्छन् । कसै कसैलाई हल्का ज्वरो आउन पेट दुख्ने, हल्का वाकवाकी वा पखाला लाग्ने, चिलाउने, स-साना बिमिरा/खटिरा आउने, जस्ता सामान्य असरहरू देखिन सक्छ जुन बिस्तारै ठिक भएर जान्छ ।

## ११. के यो खोपको पहिलो मात्रा लगाएपछि नै हामी सुरक्षित हुन्छौं ?

पूर्ण रुपले सुरक्षित हुन हैजा बिरुद्धको खोपको दोस्रो मात्रा खानैपर्छ । खोप लिएपछि पनि हामीले सरसफाईका सबै व्यवहारहरूको (दिसापिसाब चर्पिमा मात्र गर्ने, पानीलाई शुद्धिकरण गरेर मात्र पिउने, साबुनपानीले मिचिमिचि हात धुने आदि) सधै पालना गर्नुपर्छ ।

### थप जानकारी लागि निम्न ठेगानामा सम्पर्क गर्नुहोला

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय**
**स्वास्थ्य कार्यालय, कपिलबस्तु**

**खोप नि:शुल्क पाइन्छ** | **खोप सुरक्षित छ** | **खोपले जीवन रक्षा गर्छ**